# ५ अस्वस्थहरुलाई सेवा गरेर येशूप्रति आस्था जगाउनु

<u>*यस अध्यायको निम्ति पढ्नुहोस्:*</u> यशैया ५३:४, मत्ती ८:१७, मर्कूस २:१-१२, फिलिप्पी ४:४-९, १ यूहन्ना ३:२०-२२, यूहन्ना ११:३७-४४।

<u>*स्मरण गर्नपर्ने पद:*</u> **"येशूलाई ठूलो भिडले घेरेको थियो। अन्धा र हिँड्न नसक्ने मानिसहरूलाई उहाँकहाँ ल्याएका थिए। अपाङ्ग, लाटा र धेरै प्रकारका रोगले ग्रस्त भएका मानिसहरूलाई पनि उहाँकहाँ ल्याइएका थिए। तिनीहरूलाई उहाँको पाऊको सामु राखिदिए, र उहाँले तिनीहरू सबैलाई निको पारिदिनुभयो। सारा मानिसहरू स्तम्भित र आश्चर्यचकित भएका थिए। बोल्न नसक्नेहरूको बोली फुटिएको थियो। अपाङ्गहरू पनि स्वस्थ बनाइएका थिए। हिड्नै नसक्नेहरू पनि हिँड्न थालेका थिए। अन्धाहरूले देख्न सकेका थिए। त्यसले गर्दा मानिसहरूले इस्राएलको परमेश्वरको प्रशंसा गरे।" (मत्ती १५:३०,३१ रूपान्तरित)।**

" येशूले परमेश्वरको निम्ति गर्ने सेवाकार्य गर्ने सिलसिलामा प्रचार गर्न वा प्रवचन दिन भन्दा सबभन्दा वढि समय बिमारीहरूलाई निको पार्न बिताउनुभएको थियो। येशूले नाश गर्न वा कसैलाई दु:ख दिन होइन तर उद्धार गर्न आउनुभएको थियो भन्ने सत्यता उहाँले गरेका आश्चर्यकर्महरूले प्रमाणित गरेका थिए। जहाँ जहाँ येशू जानुहुन्थ्यो त्यहाँ त्यहाँ उहाँ पुग्नुभन्दा पहिले उहाँका करुणाका खबरहरू पहिले पुग्थे। जहाँ जहाँ येशू त्यहाँ त्यहाँ मानिसहरूले उहाँको करुणा पाएका थिए। उहाँको करुणाले स्वस्थ भएका मानिसहरूले अत्यन्त खुशी भएका थिए र तिनीहरूले पाएका नयाँ बललाई प्रयोग गर्न थालेका थिए। ती चङ्गाई पाएका मानिसहरूको वरिपरि मानिसहरू झुमिन्थे र येशूले तिनीहरूलाई के गर्नुभयो भनेर तिनीहरूको ओठबाट निस्केका हर्षका वचनहरू ती मानिसहरूले सुन्दथे। बहिराहरूले येशूको आवाज सबभन्दा पहिले सुनेका थिए। लाटाहरूले उहाँको नाउँ सबभन्दा पहिले उच्चारण गरेका थिए। अन्धाहरूले उहाँको अनुहार सबभन्दा पहिले देखेका थिए। त्यस्तो अनुकम्पा तथा कृपाले भरिएको येशूलाई माया

नगरि को बस्न सक्दछ र? उहाँको स्तुति गर्नबाट कसले रोक्न सक्दछ र? जब उहाँ शहर, गाउँहरू हुँदै जानुहुन्थ्यो तब उहाँको उपस्थितिको प्रवाह अत्यन्त प्रभावकारी रूपमा बग्दथे। जहाँ जहाँ उहाँ जानु भयो त्यहाँ त्यहाँ उहाँले अर्थमूलक जीवन र आनन्दलाई फैलाउनु भएको थियो।"-एलेन जी ह्वाइट, द मिनिस्त्री एण्ड हिलिङ्ग, पृ. १९:२०बाट रूपान्तरित।

## १. चङ्गाई गर्ने उद्धारकर्ता अर्थात् मसीह (यशैया ५३:४)

**देहायका पदहरू पढ्नुहोस्। तिनीहरूलाई हामीहरूले कसरी बुझ्ने? तिनीहरूबाट हामीलहरूलाई कस्तो जिज्ञासा जगाउँछन्? तिनीहरूले हामीहरूलाई कस्तो आशा दिलाउँछन्? यशैया ५३:४ "निश्चय नै उहाँले हाम्रा निर्बलताहरू बोक्नुभयो, र हाम्रा दुःख भोग्नुभयो, तापनि हामीले उहाँलाई परमेश्वरबाट हिर्काइएको, उहाँबाट पिटिएको र दुःखमा पर्नुभएको सम्झ्यौं।", मत्ती ८:१७ "यशैया अगमवक्ताले बोलेको अगमवाणी पूरा हुनलाई यो भएको थियो, "उहाँ आफैले हाम्रा दुर्बलताहरू लिनुभयो, र हाम्रा रोगहरू उठाइलानुभयो।" र यूहन्ना ९:१-३ "त्यहाँबाट जाँदैगर्दा येशूले एक जना जन्मैदेखिको अन्धालाई देख्नुभयो। २ उहाँका चेलाहरूले उहाँलाई सोधे, "रब्बी, कसले पाप गऱ्यो, यसले कि यसका आमा-बुबाले, र यो अन्धो जन्म्यो" ३ येशूले जवाफ दिनुभयो, "न त यसले पाप गऱ्यो न यसका आमा-बुबाले, तर यो यस हेतुले भयो कि परमेश्वरको काम यस मानिसको जीवनमा प्रकट होस्।"**

मानिसको पापपूर्ण क्रियाकलापले गर्दा बिभिन्न रोगहरू आउँछ भनेर बाइबलको कालमा इस्राएलका मानिसहरूमा लोकविश्वास थियो। (आज पनि पापको नतिजाले गर्दा बिमारहरू खप्नु परेको भनेर कतिपय मानिसहरूले विश्वास गर्दछन्)। परमेश्वरको भय राख्ने अय्युबले महाकष्ट खप्नुपर्दा उनको लुकिएका पापले गर्दा त्यसो हुन गएको हो भनेर उनका साथीहरूले उनलाई आरोप लगाएका थिए। उनकै पापले गर्दा उसको सर्वस्व नाश भयो र शारीरिक महाकष्टका समस्याहरू भोग्नु पऱ्यो भनेर ती साथीहरूले व्यक्त गरेका थिए। त्यही लोक विश्वासको कारण येशूका चेलाहरूले अन्धालाई देख्दा उसको पापको कारणले अन्धा भएको भनेर बुझेका थिए। त्यसैकारण बिमारीलाई क्षमा चाहिन्छ

औषधी होइन भनेर त्यसबेलाको जनधारणा थियो भनेर देखाउँछ। सयौ वर्ष अघि अगमवक्ता यशैयाले मसीहको बारेमा गरिएको भविष्यवाणी येशूले पूरा गर्नुभयो भनेर मत्तीले भन्दछन्। त्यसको मतलब चङ्गाई येशूमा पाइन्छ भन्ने अर्थ लाग्दछ। (मत्ती १३:५४, लूका ४:१६, यशैया ६१:१, यशैया ५३:३-५)।

धेरै गैर-इसाई धर्महरूमा देवीदेवताहरूले मानिसहरूलाई निको पारे भनेर पौराणिक कथाहरू प्रचलित भएको पाइन्छ। कतिपय पौराणिक कथाहरूमा देवताहरूले नै राजाहरूको निम्ति बलि चढाइ भनेर उल्लेख गरेका छन्। अझ कतिपय पुराणहरूहरूमा राजाको खिलाफमा देवीदेवताहरूको रिसलाई साम्य पार्न  राजाको ठाउँमा मानिसहरूले नर बली चढाएको उल्लेख गरिएका छन्। एक जना मानिसले पाउने पर्ने खराबको सजायँ अर्को मानिसमा नरबलीद्वारा सरेको देखाउँछ। तर ती देवीदेवताहरूले मानव कमजोरीहरूलाई आफूहरूमा सरेको भनेर कुनै पनि देवीदेवताहरूको कथामा उल्लेख गरिएको छैन। मानिसले गरेको पापलाई देवीदेवताहरूले आफ्नो काँधमा बोकेको  देखाइएको छैन। संसारको इतिहासमा यस्तो कुनै राजा छैन जसले आफूले सासनगरेका जनताहरूको निम्ति बली भए।

तर यशैयाले यस्तो मुक्तिदाता तथा उद्धारकर्ताको बारेमा भविष्यवाणी गरेका थिए जसले हाम्रा अधर्म, पाप र रोगव्याधीहरूसाथै हामीहरूलाई स्वीकार गर्दछन्। यशैयाले मसीहको बारेमा भनेको कुरो येशूमा निहित भएको मत्तीले ठ्याक्कै सहमत जनाएका थिएः स्वर्गको राजाले मानव दुर्वलता वा अस्वस्थतालाई ग्रहण गर्नुहुनेछ। (यशैया ५३:४मा अनुवाद गरेको “दुःख वा पिडा" हिब्रू भाषाको “रोग" वा “बिमार" भन्ने शव्दबाट आएको हो)।

सबैलाई मुक्तिको बारेमा प्रचार गर्नेको साथै टुटिएको हृदयलाई निको पार्नु आफ्नो उद्देश्य हो भनेर येशूले स्वीकार गर्नुभएको थियो (लूका ४:१७-१९)। उहाँको प्रेम र चरित्रबाट उब्जेको शक्तिले गर्दा धेरै मानिसहरू उहाँतिर आकर्षित भएका थिए। उहाँका प्रवचन तथा अर्तीहरू सरल भएको कारणले अरूहरू उहाँको पछि लागेका थिए। दुःख र रोगले ग्रस्त भएकाहरूलाई उहाँले देखाएको करुणा, सदाशयता र दयाले गर्दा पनि मानिसहरू उहाँको पछि लागेका थिए तर धेरै

जसोको टुक्रिएको हृदयलाई उहाँले जोड्नुभएको कारणले नै उहाँलाई पछ्याएका थिए।

हामी सबैको कुनै न कुनै रूपमा हाम्रा हृदय र दिमाग टुटिएका छन्। तिनीहरूको आफ्नै टुटिएको तथा विग्रिएको शरीरलाई जस्तो छ त्यस्तै गरेर स्वीकारेर तिनीहरूप्रति सहानुभूति प्रकट गर्दै हामीले तिनीहरूलाई कसरी सेवाकार्य गर्ने जसले गर्दा तिनीहरूले येशूको स्पर्श हामीबाट थाहा पाउन्? हामीले पनि भोगेको हुनाले मानिसहरूको दुःख पिडा, टुक्रिएको जीवन हामीले पनि बुझ्न सक्षम् हुनसक्छौं।

## २. शरीरलाई स्वस्थ राख्नु (मर्कूस २:१-१२)

मर्कूस २:१-१२मा एउटा अचम्मको चङ्गाईको बारेमा उल्लेख गरिएको छ। त्यसमा रोग र पाप अर्थात् अस्वस्थ जीवनशैलीको बीचमा कस्तो सम्बन्ध छ भनेर खुलस्त गरेको पाइन्छ। फेरि त्यसै वखत त्यस कथाबाट कस्तो गलत दृष्टिकोण लिनु हुँदैन भनेर पनि हामी सजग हुनुपर्छ भनेर जान्नु आवश्यक छ। हेर्नुहोस्: **"केही दिनपछि उहाँ कफर्नहुम फर्कनुभयो, अनि मानिसहरूले उहाँ घरमा हुनुहुन्छ भन्ने सुने। २ अनि यति धेरै मानिसहरू जम्मा भए कि तिनीहरू त्यहाँ अटाएनन्, यहाँसम्म कि ढोकाको बाहिर पनि ठाउँ भएन, र उहाँले तिनीहरूलाई परमेश्‍वरको वचन प्रचार गर्दैहुनुहुन्थ्यो। ३ अनि चार जनाले बोकेको एक जना पक्षाघातीलाई लिएर मानिसहरू उहाँकहाँ आए। ४ भीड़को कारणले येशूको नजिक त्यस मानिसलाई पुर्‍याउन नसक्दा तिनीहरूले उहाँ हुनुभएको ठाउँको माथिको छाना खोले, र उघारिएको ठाउँबाट पक्षाघातीलाई त्यो सुतेको खाटसमेत तल ओह्रालिदिए। ५ येशूले तिनीहरूको विश्‍वास देखेर त्यस पक्षाघातीलाई भन्नुभयो, "ए छोरा, तिम्रा पापहरू क्षमा भए।" ६ तर त्यहाँ केही शास्त्रीहरू बसिरहेका थिए, र आफ्ना मनमा यसो भनेर विचार गरिरहेका थिए, ७ "यस मानिसले किन यसरी बोल्दछ? यो त ईश्‍वर-निन्दा हो। केवल एक, अर्थात् परमेश्‍वरले बाहेक अरू कसले पाप क्षमा गर्न सक्छ? ८ अनि तिनीहरू आपसमा यसरी विचार गर्दैछन् भन्ने येशूले तुरुन्तै आफ्नो आत्मामा थाहा पाएर तिनीहरूलाई भन्नुभयो, "किन तिमीहरू आफ्ना मनमा यस्तो विचार गर्दैछौ? ९ पक्षाघातीलाई ××××××"तिम्रा पापहरू क्षमा भए" भन्नु, कि**

**"उठ, तिम्रो खाट उठाएर हिँड्" भन्नु, कुनचाहिँ सजिलो छ? १० तर मानिसको पुत्रलाई पृथ्वीमा पाप क्षमा गर्ने अधिकार छ भनी तिमीहरूले जान।" तब उहाँले त्यस पक्षाघातीलाई भन्नुभयो, ११ "म तिमीलाई भन्दछु, उठ, तिम्रो खाट उठाऊ, र घर जाऊ।" १२ त्यो उठ्यो, र तुरुन्तै खाट उठाएर सबैका सामुन्नेबाट गइहाल्यो। यहाँसम्म कि, सबै जना आश्चर्य-चकित भए, र "हामीले यस्तो त कहिल्यै देखेका छैनौं" भन्दै तिनीहरूले परमेश्वरको महिमा गरे।"**

तत्कालिन युनान अर्थात् ग्रीक दर्शनले शरीर र आत्मा अर्थात् मानसिकता भनेको एक आपसमा सरोकार छैन भनेर सिकाउँथ्यो जुन् बाइबल सम्मत थिएन। आत्मा अमर छ अथवा कहिल्यै पनि मर्दैन भनेर ग्रीकका दार्शनिक र धर्मले सिकाउँथ्यो। त्यसले गर्दा धेरै ग्रीकबासीहरूले शरीरको गरिमामयलाई महत्त्व दिँदैनथ्यो। मानिसको शरीर क्षणिकको निम्ति हो र त्यसको संभारप्रति धेरै चासो दिनु आवश्यक छैन भन्ने तिनीहरूको धारणा थियो। जब मानिस बुढो हुँदै जान्छ त्यसको महत्त्व पनि घट्दै जान्छ किनकि त्यो नाश हुँदै जान्छ तर आत्माचाहिँ सदा रहिरन्छ भनेर ती पाश्चात्य ग्रीक अर्थात् युनानी बुद्धिजीवीहरूको धारणा थियो।

सोक्रेटस् र प्लेटो ग्रीकको प्रख्यात लेखक तथा दार्शनिकहरू थिए। प्लेटोचाहिँ सोक्रेटसको गुरू थियो। सोक्रेटसलाई विष खुवाएर मारेको थियो। प्लेटोले आफ्नो गुरूको मर्नेबेलाको बारेमा वृतान्त लेखेका थिए। शरीर कस्तो खराब र दुष्ट छ भनेर प्लेटोले अत्यन्त सुन्दररूपमा वाख्या गरेको थियो। अन्तमा सोक्रटसको मृत्यु भएपछि उहाँको शरीरबाट अमर आत्मा स्वतन्त्र भयो र शरीरको बन्धनमा पर्दा गर्न नसकेको कामहरू गर्न उनी मुक्त भए भनेर प्लेटोले लेखेका थिए।

तर त्यसको बिपरित बाइबलले शरीर र आत्माको बारेमा फरक धारणा सिकाउँछ। मानव शरीर परमेश्वरको सिधा रचना हुन् र त्यसकारण आत्मा शरीरबाट अलग छैन। शरीर, दिमाग र आत्मा भनेको मानव व्यक्तित्व र जीवनका विभिन्न भागहरू हुन्। जे कुरो शरीरलाई हुन्छ त्यसले दिमाग र आत्मालाई असर पार्दछ। त्यसकारण जब जब ख्रीष्टले निको पार्नुभयो त्यसबेला उहाँले मानिसको क्यान्सर वा

हृदयका रोगहरूलाई मात्र हटाउनु भएको थिएन। मानिसको शारीरिक, आत्मिक र मानसिक आयाममा उहाँले परिवर्तन ल्याउनुभएको थियो।

खुलस्त रूपमा भन्ने हो भने येशूले केवल शरीरलाई मात्र निको पार्नुभएन। ख्रीष्टले मानिसको सम्पूर्ण जीवनलाई परिवर्तन गर्नु भएको थियो। आत्मिक वा मानसिक स्वास्थबाट शारीरिक स्वास्थलाई अलग गर्न सकिन्दैन भन्ने धारणा येशूको थियो। शरीरलाई चङ्गाई गरेर आत्मिक तथा मानसिक परिवर्तन पनि उहाँले  ल्याउनु भएको थियो।

विभिन्न पापी आचरण वा आनिबानीले विभिन्न बिमाहरू निम्त्याउँछन्। यद्यपि कतिपय समयमा मानिसहरू वा भर्खर जन्मेका बालकहरू पनि बिमार हुन्छन्। ती बिमारहरू हुन तिनीहरूको कुनै दोष नहुन सक्छ किनकि हामी सबै पापको भवसागरको धरापमा छौं। जब हामी बिमार हुन्छौं वा कुनै बिमारको सेवा गर्छौं वा हामीहरूको आफ्नै नजिकका नाताहरू रोगसँग सङ्घर्ष गरिरहेको हुन्छ तब पापको तितो सत्यलाई आत्मसात् गर्नु किन जरुरी छ?

## ३. शरीर र दिमागलाई स्वस्थ राख्ने (मत्ती ६:१९-३४)

शारीरिक र मानसिक आरोग्य बनाएर येशूले आफ्ना आत्मिक चेलाहरू उत्पादन गर्नु भएको थियो। प्रायजसो येशूकहाँ ल्याएका बिमारीहरू शारीरिक र मानसिक दुवै अवस्थामा अशक्त भएका थिए। मानिसहरूलाई निको पार्ने उद्देश्यमा केवल शरीरलाई मात्र स्वस्थ बनाउने येशूको थिएन। उहाँको अन्तिम निरन्तर महत्त्वपूर्ण लक्ष्य भनेकै मानिसहरूलाई परमेश्वरको भक्तिमार्गमा ढाल्नु थियो। कोही मानिस बिमारबाट निको भएमा हुन सक्छ बीस, पचास वा पचहत्तर वर्ष नै थप आयु थप्ला। तर येशूको भक्त भएर उहाँको मार्गमा कोही हिँडियो भने उसमा अनन्तको आयु थपिने छ।

लूका ८:२६-३९मा एक जना अशुद्ध आत्मा वा सैतानको आत्माले ग्रस्त भएको मानिसलाई येशूले निको पार्नुभएको कथा छ। त्यस मानिस चिहानमा मानिसहरूलाई तर्साउँदै बस्थ्यो। जब येशूले उसलाई निको पारियो तब ऊ पनि येशूको पछि पछि जान अनुरोध गरेको थियो। त्यो मानिस येशू रहनुभएको भएको इस्रायल देशको समुद्रपारी थियो। तर येशूले उसको अनुरोधलाई अस्वीकार गर्नुहुन्दै

आफ्नो परिवार र गाउँमा परमेश्वरले उसको निम्ति कस्तो महान् काम गर्नुभयो सो प्रचार गर्न अऱ्हाउनुभएको थियो। अचम्म तरिकाले त्यस मानिस शारीरिक, मानसिक र आत्मिक रोगबाट निको भएको हुनाले ऊ येशूको निम्ति अत्यन्त प्रभावकारी गवाही बन्न पुगेको थियो।

चिन्ता, दोषी मनस्थिति, लज्जा, विरक्तता आदिले ग्रष्त भएको मनस्थितिलाई साम्य पार्न देहायका पदहरूमा उल्लेख गरेका नितिहरूले कसरी सहयोग पुऱ्याउन सक्छ हेर्नुहोस्ः मत्ती ६:१९-३४ "आफ्नो निम्ति पृथ्वीमा धन-सम्पत्ति नथुपार, जहाँ कीरा र खियाले ती नष्ट पार्छन् र जहाँ चोरहरूले घर फोरेर ती चोर्छन्। तर आफ्नो निम्ति स्वर्गमा धन-सम्पत्ति थुपार, जहाँ कीराले वा खियाले नष्ट पार्दैन, र चोरले पनि चोर्दैन। २१ किनकि जहाँ तिम्रो धन हुन्छ, त्यहीँ तिम्रो मन पनि हुन्छ। २२ "आँखा शरीरको बत्ती हो। यसकारण यदि तिम्रा आँखा स्वस्थ छन् भने, तिम्रो सारा शरीर उज्यालो हुनेछ। २३ तर तिम्रा आँखा खराब छन् भने, तिम्रो सारा शरीर अँध्यारो हुनेछ। यसकारण तिमीभित्र भएको उज्यालोचाहिँ अँध्यारो भयो भने, त्यो अँध्यारो कस्तो घोर हुन्छ! २४ "कसैले दुई मालिकको सेवा गर्न सक्दैन। किनभने त्यसले एउटालाई घृणा गर्नेछ र अर्कालाई प्रेम गर्नेछ। अथवा त्यसले एउटाप्रति भक्ति राख्नेछ, र अर्कालाई त्यसले तुच्छ ठान्नेछ। तिमीहरूले परमेश्वर र धनको सेवा गर्न सक्दैनौ। २५ "यसैकारण म तिमीहरूलाई भन्दछु, "'के खाउँला, के पिउँला' भनी आफ्नो प्राणको निम्ति र 'के लगाउँला' भनी आफ्नो शरीरको निम्ति फिक्री नगर।' के जीवन खानेकुराभन्दा र शरीर लुगाफाटाभन्दा उत्तम होइन? २६ आकाशका चराचुरुङ्गीलाई हेर। तिनीहरूले न त बीउ छर्छन्, न अन्न कटनी गर्छन्, न भकारीमा बटुल्छन्, तर तिमीहरूका स्वर्गका पिताले तिनीहरूलाई खुवाउनुहुन्छ। के तिमीहरू तिनीहरूभन्दा बढ़ी मूल्यवान् छैनौ र? २७ तिमीहरूमध्ये कुनचाहिँले फिक्री गरेर आफ्नो आयुमा एक घड़ी पनि थप्न सक्छ? २८ "अनि लुगाफाटाका निम्ति तिमीहरू किन फिक्री गर्दछौ? मैदानका लिली फूललाई हेर, ती कसरी बढ्दछन्। तिनले न परिश्रम गर्दछन्, न धागो कात्छन्। २९ तर म तिमीहरूलाई भन्दछु, सोलोमन राजा पनि आफ्ना सारा वैभवमा तिनीहरूमध्ये एउटा जति आभूषित थिएनन्। आज हुने र भोलि अगेनोमा फालिने घाँसलाई परमेश्वरले यसरी पहिराउनुहुन्छ भने, ए

अल्पविश्वासी हो, के तिमीहरूलाई झन् बढ़ी उहाँले पहिराउनुहुनेछैन र? ३१ यसकारण 'के खाऔंला?' कि 'के पिऔंला?' कि 'के पहिरौंला?' भनेर फिक्री नगर। ३२ किनकि अन्यजातिहरूले यी सब थोक खोज्दछन्, र तिमीहरूका स्वर्गमा हुनुहुने पिताले तिमीहरूलाई यी सबै थोकको खाँचो छ भनी जान्नुहुन्छ। ३३ तर पहिले उहाँको राज्य र उहाँका धार्मिकताको खोजी गर, र यी सबै थोक तिमीहरूका निम्ति थपिनेछन्। ३४ यसकारण भोलिको निम्ति फिक्री नगर, किनकि भोलिको दिनले आफ्नो फिक्री आफै गर्नेछ। आजको दुःख आजको निम्ति पर्याप्त छ।" १ पत्रुस ५:७ "तिमीहरूका सारा फिक्री उहाँलाई सुम्पिदेओ, किनकि उहाँले तिमीहरूको वास्ता गर्नुहुन्छ।"२ कोरन्थी ४:७-१० "सर्वश्रेष्ठ शक्ति हाम्रो होइन तर परमेश्वरको हो भनी प्रष्ट पार्न यो धन हामीसित माटोका भाँड़ाहरूमा छ। ८ हामी सबैतिरबाट कष्टित छौं, तर किचिएका छैनौं। अन्योलमा परेका छौं, तर हताश भएका छैनौं। ९ सताइएका छौं, तापनि त्यागिएका छैनौं। प्रहार गरेर ढलेका छौं, तापनि नष्ट पारिएका छैनौं। १० येशूको जीवन हाम्रा शरीरमा प्रकट होस् भनेर हामी उहाँको मृत्यु सधैं हाम्रा शरीरमा बोकिहिँड्छौं।", फिलिप्पी ४:४-९ " प्रभुमा सधैं आनन्द गर। म फेरि पनि भन्दछु, आनन्द गर। ५ तिमीहरूको सहनशीलता सबै मानिसहरूलाई थाहा होस्। प्रभु नजिकै हुनुहुन्छ। ६ कुनै कुरामा चिन्तित नहोओ, तर हरेक कुरामा प्रार्थना र निवेदनद्वारा धन्यवादसहित तिमीहरूका बिन्ती परमेश्वरमा जाहेर होऊन्, ७ र समझले नै भियाउन नसकिने परमेश्वरको शान्तिले तिमीहरूका हृदय र तिमीहरूका मनलाई येशूमा रक्षा गर्नेछ। ८ अन्त्यमा भाइ हो, जे कुरो सत्य छ, जे कुरो आदरणीय छ, जे कुरो न्यायसङ्गत छ, जे कुरो शुद्ध छ, जे कुरो प्रेम-योग्य छ, जे कुरो कृपामय छ, यदि केही श्रेष्ठता, प्रशंसाको योग्य केही छ भने यी नै कुराका विचार गर। ९ तिमीहरूले जुन कुरा मबाट सिक्यौ, र ग्रहण गर्‍यौ र सुन्यौ र ममा देख्यौ, त्यही गर, र शान्तिका परमेश्वर तिमीहरूसँग हुनुहुनेछ।" र १ यूहन्ना ३:२०-२२ "जब हाम्रो हृदयले हामीलाई दोष दिन्छ, हामी जान्दछौं परमेश्वर हाम्रो हृदयभन्दा महान् हुनुहुन्छ, र उहाँले सब थोक जान्नुहुन्छ। २१ प्रिय हो, हाम्रो हृदयले हामीलाई दोष दिएन भने परमेश्वरको सामुन्ने हामीलाई

**साहस हुन्छ। २२ हामी जे माग्छौं, सो उहाँबाट पाउँछौं, किनभने हामी उहाँका आज्ञा पालन गर्छौं, र उहाँलाई मन पर्ने कामहरू गर्छौं।"**

मनस्थिति ठेगानमा रहेन भने कतिपय समयमा शारीरिक बिमार हुनसक्छ। शरीर र दिमागको बीचमा घनिष्ठ सम्बन्ध छ भनेर चिकित्सक र मनोवैज्ञानिकहरूले प्रमाणित गरेका छन्। उदाहरणमा, चिन्ताले गरेर पेट गडबड हुने र निन्द्रा नलाग्ने हुन्छ। क्रोधलाई मानिसले पाली राख्दा मुटुको समस्या हुन्छ। मानसिक स्वास्थका नितिहरू मानिसलाई सिकाएर परमेश्वरमाथि विश्वास गर्ने र चिन्ता तथा रिसरागहरूलाई पन्छाउनु आवश्यक छ भन्ने ज्ञान दिनुपर्दछ। परमेश्वरमाथि भरोसा राख्ने मनस्थितिले स्वभाविक रूपमा येशूसँग आत्मियता बढ्छ र उहाँको पूरा उपासक हुन सहयोग गर्छ।

"प्रत्येक दिनको आफ्ने चिन्ता र सुर्ता छ। जब हामी मानिसहरूलाई भेट्छौं हामीहरूको दुःख र कष्टहरूको बारेमा तिनीहरूसँग कुरा गर्न आतुरी हुन्छौं। कहिलेकाहीं जब हामीमा कष्ट आइपुग्छ र त्रास हुन्छ तब हाम्रो प्रार्थनाहरूका सुन्नुहुने र हरेक समयमा सहायता गर्ने उद्धारकर्ता हाम्रो सामु हुनुहुन्छ भन्ने कुरोलाई हामी विर्सिन्छौं।"-एलेन जी ह्वाइट, स्टेप्स टु क्राइष्ट, पृ. १२१बाट रूपान्तरित।

**चर्चमा आयो भन्दैमा, प्रभुसँग नजिक भएर हिंडियो भन्दैमा सधैं स्वस्थ र असल भएर बसिन्छ भन्ने ग्यारेन्टी छैन। तर परमेश्वरसँगको सम्पर्क र उहाँसँगको हिंडाईमा हामीले मनमा शान्ति पाउँछौं र हामीहरूको शरीरमा पनि स्वस्थता प्रवाह हुनसक्छ भन्ने कुरामा दुईमत छैन। यस अंशमा हामीले के सिक्न सक्छौं जसमा धेरै यस्ता नितिहरू छन् जसलाई हामीले हाम्रो जीवनमा उतार्न सक्छौं?**

## ४ पुनरुत्थान र जीवन (लूका ७:११-१७)

**यस संसारमा मृत्युले सधैं अन्तिम शव्द उच्चारण गर्न दिन्छ। यद्यपि, येशूभक्तको निम्ति यस संसारमा अन्तिम शव्द बोलेर बिलाएर गएतापनि अनन्तको आशाको किरणले उसलाई घेरेको हुन्छ। हेर्नुहोस्: लूका ७:११-१७ "भोलिपल्ट येशू नाइन नाउँको सहरमा जानुभयो, र उहाँका चेलाहरू र एउटा ठूलो भीड उहाँका साथमा गए। १२ जब उहाँ**

सहरको ढोका नजिक पुग्नुभएको थियो, एउटी विधवाको एउटै छोराको
लाश लगिँदैथियो। सहरको निकै ठूलो भीड तिनको साथमा थियो। १३
जब प्रभुले तिनलाई देख्नुभयो, तब तिनलाई टिठ्याएर भन्नुभयो, "नरोऊ।"
१४ अनि नजिक गएर उहाँले अरथी छुनुभयो, र बोक्नेहरू टक्क अडिए।
उहाँले भन्नुभयो, "ए युवक, म तिमीलाई भन्दछु, 'उठ।'।" १५ तब मृत
मानिस उठेर बस्यो, र बोल्न लाग्यो। येशूले त्यसलाई आमाको जिम्मा
लगाउनुभयो। १६ तब सबै भयभीत भए, र परमेश्वरको महिमा गरे, र
भने, "एक जना महान् अगमवक्ता हाम्रा बीचमा प्रकट भएका छन्," र
"परमेश्वरले आफ्नो प्रजामाथि कृपा गर्नुभएको छ।" १७ उहाँको
विषयको यो चर्चा सारा यहूदिया र छेउछाउका समस्त जिल्लाहरूमा
फिँजियो।", मर्कूस ५:२१-४३ " जब येशू फेरि डुङ्गामा समुद्रको
पारिपट्टि जानुभयो, तब एउटा ठूलो भीड उहाँको वरिपरि भेला भयो।
उहाँचाहिँ समुद्रको किनारमा हुनुहुन्थ्यो। २२ सभाघरका शासकहरूमध्ये
याइरस नाउँका एक जना उहाँकहाँ आए, र उहाँलाई देखेर उहाँका
पाउमा घोप्टो परे, २३ र यसो भनेर बिन्ती गरे, "मेरी सानी छोरी मर्न
लागेकी छे, आएर त्यसमाथि तपाईंका हात राखिदिनुहोस्, र त्यो निको
होस् र बाँचोस्।" २४ तब येशू तिनीसँग जानुभयो। एउटा ठूलो भीड
उहाँको पछि लाग्यो, र मानिसहरू उहाँको वरिपरि ठेलमठेला गर्न लागे।
२५ अनि बाह्र वर्ष अघिदेखि रगत बग्ने रोग भएकी एउटी स्त्री त्यहाँ
थिई। २६ त्यसले धेरै वैद्यहरूका हातबाट अनेक कष्ट पाएर आफूसँग
भएका सारा धन-दौलत खर्च गरेर पनि निको नभई बरु झन् खराब
हालतमा पुगेकी थिई। २७ येशूको विषयमा त्यसले सुनेकी थिई, र
भीड़को पछिल्तिरबाट आएर उहाँको वस्त्र त्यसले छोई। २८ किनकि
त्यसले मनमनै भनी, "मैले उहाँको वस्त्र मात्र छोएँ भने पनि म निको
हुनेछु।" २९ अनि तुरुन्त त्यसको रगत बग्ने बन्द भइहाल्यो, र आफ्नो
शरीरको रोग निको भएको त्यसले थाहा पाई। ३० आफूबाट शक्ति
बाहिर निस्केको झट्टै येशूले थाहा पाएर भीड़मा पछिल्तिर फर्केर
सोध्नुभयो, "कसले मेरो वस्त्र छोयो?" ३१ चेलाहरूले उहाँलाई भने,
"भीड़ले ठेलमठेला गरेको त तपाईंले देख्नुभएकै छ, र पनि तपाईं
भन्नुहुन्छ "कसले मलाई छोयो?" ३२ उहाँलाई छुने को हो भनी उहाँले
चारैतिर हेर्न लाग्नुभयो। ३३ तब आफूलाई जे भएको थियो सो थाहा

पाएर त्यो स्त्री डरले काम्दै आएर येशूको अगि घोप्टो परी, र उहाँलाई सबै सत्य कुरा भनिदिई। ३४ तब उहाँले त्यसलाई भन्नुभयो, "ए छोरी, तिम्रो विश्वासले तिमीलाई निको पारेको छ। शान्तिसाथ जाऊ। तिम्रो रोग निको होस्।"

३५ उहाँ बोल्दैहुनुहुँदा, शासकको घरबाट मानिसहरू आएर भने, "तपाईंकी छोरी त मरी। गुरुज्यूलाई अब अरू कष्ट किन दिनुहुन्छ?" ३६ तर तिनीहरूले गरेका कुराहरूलाई ध्यान नदिई येशूले सभाघरका शासकलाई भन्नुभयो, "नडराऊ, विश्वास मात्र गर।" ३७ अनि उहाँले पत्रुस, याकूब र याकूबका भाइ यूहन्नालाई बाहेक अरू कसैलाई पनि आफ्नो साथ आउन अनुमति दिनुभएन। ३८ उहाँहरू सभाघरका शासकको घरमा आउनुभयो, अनि उहाँले खैलाबैला गर्नेहरू, रुनेहरू र ठूलो सोरले बिलौना गर्नेहरूलाई देख्नुभयो। ३९ भित्र पसेर उहाँले तिनीहरूलाई भन्नुभयो, "तिमीहरू किन खैलाबैला गर्छौ र रुन्छौ? ठिटी मरेकी छैन, तर सुतिरहेकी छे।" ४० तर तिनीहरू उहाँको कुरामाथि हाँसे। तब उहाँले तिनीहरू सबैलाई बाहिर निकाल्नुभयो, र ठिटीका बुबा र आमा र उहाँसँग हुनेहरूलाई साथमा लिएर ठिटी भएको ठाउँभित्र जानुभयो। ४१ अनि ठिटीको हात समातेर उहाँले त्यसलाई भन्नुभयो, "तालिता कूमी," जसको अर्थ हो, "ए बालिका, म तिमीलाई भन्दछु, उठ।" ४२ अनि ठिटी तुरुन्तै उठी, र हिँड्डुल गर्न लागी। त्यो बाह्र वर्षकी थिई। अनि त्यति नै बेला तिनीहरू आश्चर्यचकित भए। ४३ उहाँले तिनीहरूलाई यो कसैले थाहा नपाओस् भन्ने कड़ा आज्ञा दिनुभयो। अनि बालिकालाई चाहिँ केही खान दिनू भनी तिनीहरूलाई भन्नुभयो।" र यूहन्ना ११:१-४४ "१ लाजरस नामको एक जना मानिस बिरामी भएका थिए। तिनी मरियम र उनकी दिदी मार्थाको गाउँ बेथानियाका थिए। प्रभुलाई अत्तर लाइदिएर उहाँका पाउ आफ्नो कपालले पुछिदिने मरियम यी नै थिइन्। यिनकै भाइ लाजरस बिरामी थिए। यी दुई दिदीहरूले येशूकहाँ यसो भनी समाचार पठाए, "प्रभु, जसलाई तपाईं माया गर्नुहुन्छ, तिनी बिरामी छन्।"

४ तर यो सुनेर येशूले भन्नुभयो, "यस बिरामीले मृत्युमा पुऱ्याउँदैन, तर यो परमेश्वरको महिमाको निम्ति हो, ताकि यसद्वारा परमेश्वरका पुत्रको महिमा होस्।" ५ येशूले मार्था, तिनकी बहिनी र

लाजरसलाई माया गर्नुहुन्थ्यो, ६ तापनि लाजरस बिरामी छन् भन्ने सुनेर
उहाँ जहाँ हुनुहुन्थ्यो, अझ दुई दिन त्यहीँ बस्नुभयो। ७ त्यसपछि उहाँले
चेलाहरूलाई भन्नुभयो, "लौ, अब हामी फेरि यहूदिया फर्केर जाऔं।" ८
चेलाहरूले उहाँलाई भने, "रब्बी, भर्खरै मात्र यहूदीहरूले तपाईंलाई ढुङ्गाले
हान्न खोजेथे, र के फेरि तपाईं त्यहीँ जानुहुन्छ?" ९ येशूले जवाफ
दिनुभयो, "के दिनमा बाह्र घण्टा हुँदैनन् र? दिनमा हिँड्डुल गर्नेलाई ठेस
लाग्दैन, किनभने तिनले यस संसारको ज्योति देख्दछन्, १० तर राती
हिँड्डुल गर्नेलाई ठेस लाग्छ, किनभने त्यस मान्छेमा उज्यालो हुँदैन।"
११ त्यसपछि उहाँले तिनीहरूलाई भन्नुभयो, "हाम्रा मित्र लाजरस निद्रामा
परेका छन्, तर तिनलाई निद्राबाट बिउँझाउन म त्यहाँ जान्छु।" १२
चेलाहरूले उहाँलाई भने, "प्रभु, तिनी निद्रामा परेका छन् भने तिनी निको
हुनेछन्।" १३ येशूले तिनको मृत्युको विषयमा भन्नुभएको थियो, तर
तिनीहरूले चाहिँ स्वाभाविक निद्राको विषयमा भन्नुभएको हो भन्ठाने।

१४ येशूले तिनीहरूलाई स्पष्ट भनिदिनुभयो, "लाजरस मरेका
छन्। १५ तिमीहरूले विश्वास गरोस् भनेर तिमीहरूका खातिर म त्यहाँ
नभएकोमा खुशी छु। जे भए तापनि हामी तिनीकहाँ जाऔं।" १६ तब
दिदुमस भनिने थोमाले आफ्ना सङ्गी-चेलाहरूलाई भने, "लौ, हामी पनि
जाऔं, र उहाँसँगै मरौं।" १७ जब येशू आइपुग्नुभयो, तब लाजरसलाई
चिहानमा राखेको चार दिन भइसकेको थाहा पाउनुभयो। १८ बेथानिया
यरूशलेमदेखि नजिकै प्रायः तीन किलोमिटरको दूरीमा थियो। १९ धेरै
यहूदीहरू मार्था र मरियमकहाँ तिनका भाइको विषयमा तिनीहरूलाई
सान्त्वना दिन आएका थिए। २० येशू आइरहनुभएको छ भन्ने सुनेर
मार्था गइन् र उहाँलाई भेटिन्। तर मरियम घरैमा बसिरहिन्। २१ तब
मार्थाले येशूलाई भनिन्, "प्रभु, तपाईं यहाँ हुनुहुँदो हो त मेरो भाइ
मर्नेथिएन। २२ तर अब पनि म जान्दछु, तपाईंले परमेश्वरसँग जे
माग्नुहुन्छ, परमेश्वरले तपाईंलाई दिनुहुनेछ।" २३ येशूले तिनलाई
भन्नुभयो, "तिम्रो भाइ फेरि जीवित हुनेछ।" २४ मार्थाले उहाँलाई भनिन्,
"म जान्दछु, कि त्यो अन्त्यका दिनको पुनरुत्थानमा फेरि जीवित भई
उठ्नेछ।" २५ येशूले तिनलाई भन्नुभयो, "पुनरुत्थान र जीवन म नै हुँ।
मलाई विश्वास गर्ने मर्‍यो भने पनि जीवित हुनेछ। २६ अनि जिउने र
ममाथि विश्वास गर्ने प्रत्येक कहिल्यै मर्नेछैन। के तिमी यो विश्वास

गर्छ्यौ?" २७ तिनले उहाँलाई भनिन्, "हो प्रभु, म विश्वास गर्दछु, तपाईं संसारमा आउनुहुने ख्रीष्ट, परमेश्वरका पुत्र हुनुहुन्छ।" २८ यति भनेर तिनी गइहालिन्, र आफ्नी बहिनी मरियमलाई बोलाएर सुटुक्क भनिन्, "गुरुज्यू आइपुग्नुभयो, र तिमीलाई बोलाउँदैहुनुहुन्छ।" २९ यो सुनेर मरियम झट्ट उठेर उहाँकहाँ गइन्। ३० त्यस बेलासम्म येशू गाउँमा आइपुग्नुभएको थिएन, तर उहाँ त्यही ठाउँमा हुनुहुन्थ्यो जहाँ मार्थाले उहाँलाई भेटेकी थिइन्। ३१ घरमा तिनलाई सान्त्वना दिन आएका यहूदीहरूले मरियम झट्ट उठेर बाहिर गएकी देखेर, तिनी त्यो चिहानमा रुन गएकी हुन् भन्ठानेर, तिनको पछि लागे। ३२ जब मरियम येशू हुनुभएको ठाउँमा आइन् र उहाँलाई देखिन्, तब यसो भन्दै तिनी उहाँका पाउमा परिन्, "हे प्रभु, तपाईं यहाँ हुनुहुँदो हो त मेरो भाइ मर्नेथिएन। ३३ जब येशूले तिनलाई रोइरहेकी र तिनीसँग आउने यहूदीहरू पनि रोइरहेका देख्नुभयो, तब उहाँ आत्मामा ज्यादै व्याकुल हुनुभयो अनि अति दुःखित हुनुभयो। ३४ उहाँले तिनीहरूलाई सोध्नुभयो, "तिमीहरूले तिनलाई कहाँ राखेका छौ? तिनीहरूले उहाँलाई भने, "प्रभु, आएर हेर्नुहोस्।"

३५ येशू रुनुभयो। ३६ यसकारण यहूदीहरूले भने, "हेर, उहाँले तिनलाई कति माया गर्नुहुन्थ्यो।"३७ तर कुनै-कुनैले भने, "के अन्धाका आँखा खोलिदिने यिनले यस मानिसलाई पनि मर्नदेखि बचाउन सक्नेथिएनन् र?

३८ तब येशू फेरि ज्यादै व्याकुल भएर चिहानमा जानुभयो। यो चिहान एउटा ओढ़ारमा थियो। त्यसको मुख एउटा ढुङ्गोले ढाकेको थियो। ३९ येशूले भन्नुभयो, "ढुङ्गो हटाओ।" मृत मानिसको दिदी मार्थाले उहाँलाई भनिन्, "हे प्रभु, यस बेलासम्म त त्यो गन्हाउन लागिसक्यो होला, किनकि त्यो मरेको चार दिन भइसक्यो।" ४० येशूले तिनलाई भन्नुभयो, "के मैले तिमीलाई भनेको होइनँ, तिमीले विश्वास गर्‍यौ भने परमेश्वरको महिमा देख्नेछौ'?" ४१ तिनीहरूले ढुङ्गो हटाए। अनि येशूले मास्तिर नजर उठाएर भन्नुभयो, "हे पिता, म तपाईंलाई धन्यवाद दिन्छु, किनकि तपाईंले मेरो बिन्ती सुन्नुभयो। ४२ मलाई थाहा छ, कि तपाईंले मेरो बिन्ती सधैं सुन्नुहुन्छ। तर यहाँ उभिएका भीड़को खातिर मैले यो भनेको हुँ, ताकि तपाईंले मलाई पठाउनुभएको हो भनी तिनीहरूले विश्वास

गरून्।" ४३ अनि यो कुरा भन्नुभएपछि उहाँ उच्च सोरले कराउनुभयो, "लाजरस, बाहिर निस्की आऊ।" ४४ त्यो मृत मानिस त्यसको हात-खुट्टा पट्टीले बाँधिएकै र अनुहार लुगाले बेह्रिएकैमा बाहिर निस्की आयो। येशूले तिनीहरूलाई भन्नुभयो, "त्यसको बन्धन खोलिदेओ, र त्यसलाई जान देओ।"

राजनैतिक नेताहरू, गायकहरू, रङ्गकर्मी वा चलचित्र तथा नाट्यशालाका पात्र र अभिनेताहरू र खेलाडीहरू यस्तो असल वा खुबी देखाउनु पर्दछ ताकि तिनीहरूले हजारौं मानिसहरूलाई तिनीहरूतिर आकर्षित गरून्। राजनैतिक नेताहरू ठूला ठूला भाषण छाँट्दछन् र अनेकौं सापटी आश्वासनहरू श्रोताहरूलाई दिन्दछन्। गायक, सङ्गितकारहरू र अभिनेताहरूले आफ्ना खुबीहरू देखाएर तिनीहरूप्रति आकर्षित हुनेहरूलाई मुग्ध बनाउँदछन्। आफ्ना शारीरिक तागतले खेलाडीहरूले भिँडलाई अचम्म पार्दछन्। तिनीहरूको सफलताप्रति ईर्ष्या गर्नेहरूले तिनीहरूको प्रतिभा आफूहरूमा पनि होस् भन्ने चाहना गर्दछन्।

तर येशूले के दिन सक्नुहुन्छ जसले गर्दा उहाँप्रति आकर्षित हुन्छन्? के उहाँले कहिल्यै पनि कसैलाई काम दिन्छु भनेर आश्‍वासन दिनुभएको थियो? के उहाँले कसैलाई धनी बनाई दिन्छु भनेर सापटी आश्‍वासन दिनुभएको थियो? के उहाँले मानिसलाई सधैं हराभरा जस्तै स्वस्थ बनाई दिन्छु भनेर कबूल गर्नुभएको थियो? के उहाँले फुटबल खेलाडीहरूलाई अचम्म प्रकारले बल खेलाउने प्रतिज्ञा गर्नुभएको थियो? के उहाँले दर्शकहरूको आँसु झार्ने किसिमको खुबी दिन्छु भनेर अभिनेताहरूलाई आकर्षित गर्नुभएको थियो? के गायकहरूलाई अचम्मको सुरिलो स्वर दिन्छु भनेर प्रतिज्ञा गर्नुभएको थियो? येशूले त्यस्ता आश्‍वासनहरू न त उहाँ यस संसारमा मानव धारण गर्नुभएको बेलामा दिनुभएको थियो न त अहिले नै। तर उहाँले मानिसहरूलाई यस्तो केही कुरा दिन्छु भन्नु भएको थियो जो संसारका कसैले पनि दिन सक्दैन। नयाँ सृष्टि हुने संसारमा चिरञ्जीवी जीवन दिने कबूल उहाँले गर्नुभएको छ। त्यो भन्दा महत्त्वपूर्ण प्रतिज्ञा अरू के होला र?

टेलिभिजन तथा विभिन्न संचार माध्यमहरूले अनेकौं आकर्षित विज्ञापन गरेर हामीहरूको दिमागलाई बेइज्जत गर्न खोज्छ। ती

विज्ञापनहरू सत्य हुन् भनेर विश्वास गर्न पनि कठिन हुन्छ। (उदाहरणमा चुरोट पिएमा अचम्मको ताकत आउँछ रे! मद्यपानले फुर्ती बढाउँछ रे!) तर येशूले मानिसकै जीवनकालमा यस्तो अर्थमूलक जीवन दिने प्रतिज्ञा गर्नुभएको छ जसले कुनै पनि विज्ञापनकर्ताहरूले दिन सक्दैनन्ः त्यो हो अनन्त जीवन, त्यो पनि सिंत्तैमा, त्यो पनि मानिसको हृदयको घरसम्म पुऱ्याउन हुलाकी खर्च नलाग्ने! नास्तिक र शङ्का गर्नेहरूले त्यस अचम्मको उपहारको उपहास गर्दछन्। अरूहरूले मानिसहरूलाई मुग्ध पार्न सस्तो धार्मिक प्रतिलिपीहरू उपलव्ध गराउँछन् (जस्तै शैतान अजम्मरी छ, उसलाई विश्वास गर्नेहरूलाई उसले ठूलो इनाम दिन्छ आदि)। त्यस्ता भौतिक वा आत्मिक विज्ञापनहरूतिर लागेर तिनीहरूको पछि पर्न चाहने दक्ष मानिसहरूले तिनीहरूको दावीलाई होशियारपूर्वक जोख्दछन्। सत्यमार्गमा हिंड्न चाहनेहरू र शङ्का गर्नेहरूको निम्ति येशूले आफूले दिनुहुने उपहारको बारेमा तिनवटा प्रमाणहरू जुटाउनुहुन्छ। मानिसहरूकै बीचमा देखाउनुभएको ती प्रमाणहरू हुन्ः यहूदी मन्दिरको अध्यक्ष याइरसको छोरी, विधवी आमाको छोरो र लाजरस। लाजरसलाई चिहानबाट जीवित अवस्थामै निस्कन लगाएको र अरू दुई जनाहरू पनि मरेको बाट बिउँताउनु भएको घट्नाले येशूको प्रतिवद्धता सत्य हो भनेर प्रमाणित गर्दछ। हो, यस संसारमा रोग र दुर्घट्नाहरूले मानिसहरूलाई पिरोल्छन्, तर येशूमा अनन्त जीवन सुनिश्चित छ। अनन्त जीवनले अन्तमा जित्ने छ। प्रत्येक समयमा बिमारीबाट निको हुन मानिसहरूले प्रार्थना गरेतापनि त्यो निको हुन्छ भन्ने छैन। तर सबै जना जसले येशूलाई आफ्नो मुक्तिदाता भनेर ग्रहण गर्दछन् तिनीहरूलाई अनन्त वा चिरञ्जीवी जीवनको कबूल वा ग्यारेन्टी दिइएको छ।

यो कुरो सत्य हो कि धेरै पल्ट हामी वा अरूमा भएको बिमारको निम्ति प्रार्थना गर्दा हामीले नै चाहेको जस्तो गरि वा समयमा निको नभएको पाउँछौं। वर्षौं सम्म परमेश्वरमा विश्वास भएतापनि कतिपय मानिसहरू निरन्तर रूपमा अपाङ्ग वा पिडादायक रोगको सिकारमा बस्नु परेको पाइन्छ। कतिपय समयमा त झन दर्दनाक तथा भयावह स्थितिमा पनि विश्वासीहरू गुज्रनु परेको हुन्छ। कतिपय समयमा बाइबलको वचन अनुसार तेलले अभिषेक गरेर प्रार्थना गरेतापनि

मानिसहरू रोगले मर्दछन्। प्रार्थना र तेलले अभिषेक गर्दा कोही मानिस निको हुन्छ वा कोही मानिस निको हुन्दैन, त्यो किन हुन्छ, हामीलाई खुलाइएको छैन।

तर निको हुने आश्चर्य काम भन्दा पनि अझ असल कुरो हामीसँग छ भनेर हामी यकिन गर्न सक्दछौं। त्यो हो, मानिसहरू मरेर उसको भौतिक शरीरलाई जसरी टुङ्गो लगाएतापनि येशूको दोस्रो आगमनमा विश्वासीहरू बौरी उठ्ने छन् र तिनीहरूलाई अनन्त जीवनको मुकुट पहिऱ्याई दिनेछन्। यस मामिलामा विदेशमै पलाएन भएर आफ्नो ज्यान फाल्नु परेको परमेश्वरको परमभक्त अगमवक्ता दानिएलले यसरी व्यक्त गर्दछन्, "अति उच्च महान परमेश्वरका सन्तहरूले राज्य पाउने छन्, तिनीहरूले ती राज्यको हकदार सदा सर्वदा भइरहनेछन्" (दानिएल ७:१८ रूपान्तरित)।

**क्षणिक भौतिक शरीरमा भौंतारिएका हामी मानिसहरूको निम्ति अनन्त जीवनको प्रतिज्ञा किन गरिमामय भएको छ? अनन्त जीवनबिना यस संसारमा हाम्रो जीवनको औचित्य के छ र? त्यो बिना के आशाले तपाईंहरू जीइरहनुभएको छ?**

## ५ ख्रीष्टको निको पार्ने संस्कार (प्रेरित ३:१-१९)

**नयाँ करार अर्थात् येशूको मृत्यु भएपछि पनि मानिसलाई निको पार्ने परम्परा बसालिएको थियो। आधुनिक इसाईहरूले पनि मानिसलाई चङ्गाई गर्ने सेवाकार्य कतिको महत्त्व छ भनेर देहाएका पदहरूले कसरी सिकाउँदछन्, हेर्नुहोस्: प्रेरित ३:१-१९ " पत्रुस र यूहन्ना दिउँसो तीन बजे प्रार्थनाको समयमा मन्दिरमा जाँदैथिए। २ मन्दिरभित्र पस्नेहरूबाट भीख माग्न जन्मैदेखिको एक जना लङ्गड़ालाई मानिसहरू बोकेर ल्याउँथे र दिनहुँ मन्दिरको सुन्दर नामक ढोकामा राखिदिन्थे। ३ पत्रुस र यूहन्नालाई मन्दिरभित्र पस्न लागेका देखेर त्यसले भीख माग्यो। ४ यूहन्नासँगै पत्रुसले त्यसलाई एकटक लाएर हेरिकन भने, "हामीतिर हेर!" ५ तिनीहरूबाट केही पाउने आशा गरेर त्यसले ध्यान दिएर तिनीहरूलाई हेऱ्यो। ६ तब पत्रुसले भने, "सुनचाँदी मसित छैन। तर जे मसित छ, त्यही म तिमीलाई दिन्छु। नासरतका येशू ख्रीष्टको नाउँमा हिँड्!" ७ तिनले त्यसको दाहिने हात समातेर त्यसलाई उठाए, र तुरुन्तै त्यसका**

खुट्टाहरू र गोलीगाँठामा ताकत आयो। ८ अनि जुरुक्कै उठेर त्यो खड़ा भयो र हिँड्न थाल्यो, र हिँड्दै र उफ्रँदै र परमेश्वरको स्तुति गर्दै तिनीहरूसँग मन्दिरमा पस्यो। ९ तब सबै मानिसहरूले त्यसलाई हिँड्दैगरेको र परमेश्वरको प्रशंसा गरिरहेको देखे। १० तिनीहरूले त्यसलाई मन्दिरको सुन्दर ढोकामा भीख माग्न बसिरहने यही नै हो भनेर चिने, र त्यसमाथि भएको कुरामा तिनीहरूले अचम्म माने र आश्चर्यचकित भए। ११ त्यो मानिस पत्रुस र यूहन्नाको पछिपछि लागेको देखेर सबै मानिसहरू अति अचम्म मान्दै सोलोमन नामक दलानमा एकसाथ तिनीहरूकहाँ दगुरी आए। १२ यो देखेर पत्रुसले मानिसहरूलाई भने, "इस्राएलका मानिस हो, यस कुरामा तपाईंहरू किन अचम्म मान्नुहुन्छ? अथवा हाम्रो आफ्नै शक्ति वा भक्तिद्वारा हामीले यसलाई हिँड्ने तुल्याएजस्तै किन वाल्ल परेर हामीलाई हेर्नुहुन्छ? १३ अब्राहाम, इसहाक र याकूबका परमेश्वर, हाम्रा पुर्खाका परमेश्वरले आफ्ना सेवक येशूलाई महिमित पार्नुभयो, जसलाई तपाईंहरूले चाहिँ पक्राइदिनुभयो, र पिलातसले उहाँलाई छोडिदिने विचार गर्दा पनि तपाईंहरूले उहाँलाई उनकै सामने अस्वीकार गर्नुभयो। १४ तर तपाईंहरूले पवित्र र धर्मी जनलाई अस्वीकार गरिकन एक जना ज्यानमारालाई छोडिदिने माग गर्नुभयो, र जीवनका कर्तालाई तपाईंहरूले मार्नुभयो, जसलाई परमेश्वरले मृतकबाट बिउँताउनुभयो, हामी यसका साक्षी छौं। १६ उहाँको नाउँमाथि गरेको विश्वासले र उहाँकै नाउँले तपाईंहरूले देखेका र जानेका यस मानिसलाई बलियो तुल्यायो। येशूबाट पाएको विश्वासले यस मानिसलाई तपाईंहरू सबैका सामुन्ने पूरा निको पार्‍यो। १७ अब भाइ हो, मलाई थाहा छ, कि तपाईंहरूले अजानमा त्यसो गर्नुभयो, र तपाईंका शासकहरूले पनि त्यसै गरे। १८ उहाँका ख्रीष्टले दुःख भोग्नुपर्छ भनी परमेश्वरले सबै अगमवक्ताका मुखबाट भन्नुभएको अगमवाणी उहाँले यसरी पूरा गर्नुभयो। १९ यसकारण पश्चात्ताप गर्नुहोस् र फर्कनुहोस्, कि तपाईंहरूका पाप मेटिऊन्, र परमप्रभुको उपस्थितिबाट आनन्दको समय आओस्।", प्रेरित ५:१२-१६ "१२ अब प्रेरितहरूका हातबाट धेरै चिन्हहरू र आश्चर्यकर्महरू जनताका बीचमा हुन लागे, र तिनीहरू सबै सोलोमनको दलानमा एकसाथ जम्मा भएका थिए। १३ तर अरूहरूमध्ये कसैको पनि तिनीहरूसँग मिल्न आउने आँट भएन, तैपनि मानिसहरूले तिनीहरूलाई

आदर गर्थे। १४ प्रभुमा विश्वास गर्ने पुरुष र स्त्रीहरू दुवैको भीड झन् बढ़ी थपिन लागे, १५ यहाँसम्म कि मानिसहरूले सड़क-सड़कमा बिरामीहरूलाई ल्याए, र पत्रुस आउँदा तिनको छाया मात्र भए पनि तिनीहरूमध्ये कोही-कोहीमाथि परोस् भनी ओछ्यान र खाटहरूमा तिनीहरूलाई सुताइराख्थे। १६ यरूशलेमका वरिपरिका सहरहरूबाट पनि धेरै मानिसहरूले बिरामीहरू र अशुद्ध आत्माले सताएकाहरूलाई लिएर आउँथे र ती सबै निको हुन्थे।", प्रेरित ९:३६-४२ "योप्पा नगरमा तबीता, अर्थात् डोरकास (हरिणी) भन्ने एउटी शिष्य थिइन्। तिनी असल काम गर्न र दान दिनमा लागिरहन्थिन्। ३७ ती दिनमा तिनी बिरामी भइन् र तिनको मृत्यु भयो, र मानिसहरूले नुहाइदिएर तिनलाई माथिल्लो तलाको एउटा कोठामा राखे। ३८ लुड्डा योप्पाको नजिक भएको हुनाले, चेलाहरूले पत्रुस त्यहाँ छन् भन्ने सुनेर तिनीकहाँ दुई जना मानिसलाई यस्तो बिन्ती गर्न पठाए, "हामीकहाँ ढिलो नगरी आउनुहोस्।" ३९ तब पत्रुस उठेर तिनीहरूसँग गए। त्यहाँ पुगेपछि तिनीहरूले तिनलाई माथिल्लो कोठामा लगे। विधवाहरू सबै तिनको नजिक उभिएर रुन लागे, र डोरकास तिनीहरूसँग हुँदा तिनले बनाइराखेका पोशाक र अरू वस्त्रहरू देखाए। ४० तर पत्रुसले तिनीहरू सबैलाई बाहिर पठाएर घुँड़ा टेके अनि प्रार्थना गरे, र त्यस लाशतिर फर्केर भने, "तबीता, उठ!" अनि तिनले आँखा उघारिन्, र पत्रुसलाई देखी उठेर बसिन्। ४१ उनले तिनलाई आफ्ना हातले समाती जुरुक्कै उठाए, अनि सन्तहरू र विधवाहरूलाई बोलाएर तिनलाई जीवित प्रस्तुत गरे। ४२ अब यो कुरा सारा योप्पाभरि जाहेर भयो, र धेरैले प्रभुमा विश्वास गरे।", प्रेरित २०:७-१२ "७ हप्ताको पहिलो दिनमा जब हामी रोटी भाँच्नलाई जम्मा भयौं, तब पावलले चाहिँ भोलिपल्ट जाने इच्छा गरेका हुनाले, तिनीहरूसँग मध्यरातसम्म बातचित गरिरहे। ८ हामी भेला भएको माथिल्लो तलाको कोठामा धेरै बत्तीहरू थिए। ९ युटिकस नाउँ भएको एक जना युवक झ्यालमा बसेको थियो। पावलले धेरै बेरसम्म कुरा गरिरहँदा त्यो गहिरो निद्रामा पऱ्यो र निद्राको वशमा परी त्यो तेस्रो तलाबाट खस्यो र त्यसलाई तिनीहरूले मृत अवस्थामा उठाए। १० तब पावल तल ओर्ले, र घोप्टो परी त्यसलाई अँगालो हाले र भने, "नघबराओ किनभने त्यो जीवितै छ। तब तिनी माथि उक्ले अनि रोटी भाँचेर खाइसकेपछि

बिहान उज्यालो नभइञ्जेल धेरै बेर बातचित गरिबसे। त्यसपछि बिदा भए। १२ अनि तिनीहरूले त्यस युवकलाई जीवित अवस्थामै लगे र धेरै सान्त्वना पाए।" १ कोरन्थी १२:७-११, २७-३१ "सबैका हितको लागि नै पवित्र आत्माको काम प्रकट हुन हरेकलाई दिइएको छ। ८ कसैलाई पवित्र आत्माद्वारा बुद्धिका कुरा बोल्ने, कसैलाई उनै पवित्र आत्माअनुसार ज्ञानका कुरा बोल्ने, ९ कसैलाई उनै पवित्र आत्माद्वारा विश्वास गर्ने, कसैलाई उनै एक पवित्र आत्माद्वारा रोग निको पार्ने वरदानहरू दिइएका छन्, १० कसैलाई आश्चर्य कामहरू गर्ने, कसैलाई अगमवाणी बोल्ने, कसैलाई आत्माहरू छुट्ट्याउन सक्ने, कसैलाई भिन्न-भिन्न किसिमका भाषाहरू बोल्ने, कसैलाई चाहिँ ती भाषाहरूको अर्थ खोलिदिने। ११ तर यी सबै उनै एक पवित्र आत्माका कामहरू हुन्। उहाँले हरेकलाई उहाँको इच्छाअनुसार वरदान दिनुहुन्छ।...२७ तिमीहरू ख्रीष्टका शरीर हौ, र हरेक त्यसका अङ्गहरू हौ। २८ परमेश्वरले मण्डलीमा पहिलो प्रेरितहरू, दोस्रो अगमवक्ताहरू, तेस्रो शिक्षकहरू, तब आश्चर्य काम गर्नेहरू, र निको पार्ने वरदान पाएकाहरू, सहायता गर्नेहरू, प्रशासन गर्नेहरू, विभिन्न भाषा बोल्नेहरू नियुक्त गर्नुभएको छ। एफि ४:११ २९ के सबै प्रेरितहरू हुन्? के सबै अगमवक्ता हुन्? के सबै शिक्षक हुन्? के सबै आश्चर्यकर्म गर्नेहरू हुन्? ३० के सबैसँग निको पार्ने वरदानहरू हुन्छन्? के सबैले विभिन्न भाषा बोल्दछन्? के सबैले अर्थ खोल्न सक्छन् र? ३१ तर अझ उच्च वरदानहरूको उत्कट इच्छा गर। अनि म तिमीहरूलाई झन् उत्तम मार्ग बताउँछु।" र याकूब ५:१३-१६ "के तिमीहरूमा कसैले कष्ट भोगिरहेछ? त्यसले प्रार्थना गरोस्। के कोही आनन्दित छ? त्यसले प्रशंसाको भजन गाओस्। १४ के तिमीहरूमध्ये कोही बिरामी छ? त्यसले मण्डलीका एल्डरहरूलाई बोलाओस्। तिनीहरूले प्रभुको नाउँमा त्यसलाई तेलले अभिषेक गरेर त्यसको निम्ति प्रार्थना गरून्, १५ र विश्वासको प्रार्थनाले बिरामीलाई बचाउनेछ, र प्रभुले त्यसलाई निको पार्नुहुनेछ, र यदि त्यसले पाप गरेको छ भने त्यसलाई क्षमा हुनेछ। १६ यसकारण तिमीहरू एउटाले अर्कासँग आफ्ना-आफ्ना पाप स्वीकार गर। तिमीहरू निको हुनलाई एउटाले अर्काको निम्ति प्रार्थना गर। धार्मिक मानिसको प्रार्थना शक्तिशाली र प्रभावशाली हुन्छ।"

"तिमीहरूले अहिले देखेको भन्दा ठूला ठूला कामहरू देख्ने छौ।" भन्ने येशूको कबूल प्रथम् शताव्धीका चेलाहरूले पूरा भएको देख्न पाएका थिए (यूहन्ना १:५०, यूहन्ना ५:२० र यूहन्ना १४:१२)। प्रारम्भिक इसाई चर्चको समयमा पत्रुस र पावलले गरेका विभिन्न आश्चर्य कामहरूलाई उदाहरणको रूपमा लिइन सक्छ। मानिसहरू निको मात्र होइन मरेकाहरू पनि जीवित पारेका थिए। चर्चको वृद्धिको निम्ति त्यस्ता कार्यहरू गर्न जरुरी थियो। ती अचम्म कामहरू भएको कारणले गर्दा हजारौं धार्मिक अगुवाहरू ख्रीष्टलाई ग्रहण गरेका थिए। त्यस समय सनातन परमेश्वरको उपस्थितिको प्रभाव सबैले अनुभव गरेका थिए। कतिपय समयमा ती धर्मगुरूहरूका चेलाहरूले पनि ख्रीष्टलाई ग्रहण गर्न पुगेका थिए।

कहिलेकाहिँ येशूलाई भर्खर विश्वास गरेका नयाँ विश्वासीहरूले परमेश्वरको आश्चर्य कामको उद्देष्यलाई गलत ढँगमा लिएका थिए। उदाहरणमा एक जना नयाँ विश्वासी साइमन भन्नेले पैसा दिएर त्यस आश्चर्य कामलाई किन्न खोजेको थियो। आफ्नो भाऊ खोज्न अचम्मको काम गर्ने मनस्थिति स्वार्थपूर्ण थियो (प्रेरित ८:९-२५)। तर प्रायजसो अरू विश्वासीहरूले परमेश्वरको उपस्थित भएको आभास् पाएकाले आश्चर्यपूर्ण कामहरूलाई स्वत स्वीकार गरेका थिए। ती विभिन्न अचम्मका कामहरूले परमेश्वरको उपस्थिति भएको जनाएकोले आश्चर्य काम गर्नेहरूको होइन परमेश्वरको महिमा गर्ने उचित थियो।

येशू स्वर्गमा जानु भएपछि हुल का हुल मानिसहरू उहाँका चेलाहरूले गर्दा ख्रीष्टलाई पछ्याएका थिए। येशूले सुरू गर्नुभएको परमेश्वरको राज्यको प्रचारप्रसारका कामहरू ती चेलाहरूले निरन्तरता दिएका थिए। ख्रीष्टले बाँड्नु भएको परिकल्पनालाई ती चेलाहरूले निरन्तररूपमा पूरा गर्न प्रयास गरेका थिए।

विभिन्न चङ्गाई कार्यक्रमहरूले स्पष्ट रूपमा यो देखाउँछ कि स्वस्थ हुनु ख्रीष्टको चर्चको एक महत्त्वपूर्ण आयाम हो। पवित्र आत्माले मानिसहरूलाई दिइने विभिन्न आत्मिक वरदानहरूमा बिमारीलाई निको पार्ने पनि एक थियो। बिरामीहरूलाई निको पार्न परमेश्वरको निको पार्ने अनुग्रह कसरी उपलव्ध हुन्छ भनेर बाइबलले त्यस सेवाकार्यमा लाग्नेहरूलाई सिकाएको छ। येशूभक्तहरूले पवित्र आत्माबाट पाउने

वरदान ख्रीष्टको दोस्रो आगमन नहुञ्जेल पाइरहने छ। ख्रीष्टको आगमन भएपछि ती वरदानहरूको आवश्यक हुने छैन।

विभिन्न समयहरूमा येशूका भक्तहरूले मानिसलाई स्वस्थ पार्ने वरदान कसरी उपयोग गरे भनेर चर्चको इतिहासले देखाउँदछ। मानिसहरूका पिडाहरूलाई घटाउने प्रयास परमेश्वरको कामको महत्त्वपूर्ण भाग हो भनेर मानिएको छ। तर कतिपयले सुसमाचारलाई पूरा रूपमा ग्रहण गर्नको लागि मानिसहरूलाई निको पार्ने काम पहिलो कदमको रूपमा लिनु पर्छ भनेर विश्वास गर्दछन्।

## उपसंहार

थप जानकारीः यस अध्यायको बारेमा अरू जानकारी लिन देहायका सामग्रीहरु पढ्नुहोस्ः **लूका १८ः३५-४३, लूका १३ः१०-१७, लूका १४ः१-६, यूहन्ना ६ः१,२, मर्कूस ६ः५-७, मर्कूस ६ः५४-५६, मर्कूस ७ः३१-३७, मर्कूस ८ः२२-२६, मत्ती ८ः१-१९, मत्ती १२ः१५-२३, एलेन जी ह्वाइटद्वारा लिखित *मिनिस्ट्री अभ हिलिङ्गको* पृ. १७-२१को "आवर इक्जाम्पल" र "हिलिङ्ग अभ सौल" र *मेडिकल मिनिस्ट्री,* पृ. २५-२९को "डिभाइन प्लान इन द मेडिकल मिसनरी वर्क।"**

"पक्षघातले ग्रष्त भएको मानिस ख्रीष्टको अनुकम्पा पाएर दुवै आत्मा र शरीर निको भएको थियो। असल शारीरिक स्वास्थको राम्रोसँग उपभोग गर्न उसको मानसिक अर्थात् आत्मिक अश्वस्थ पहिला निको हुनुपर्दथ्यो। उसको शारीरिक समस्याको समाधान गर्नु भन्दा पहिले ख्रीष्टले उसको मन वा दिमाग र आत्मामा भएका पापहरू सफा गर्नु भएको थियो। येशूको त्यस कार्यलाई पन्छाउनु हुन्न। आज भोली हजारौं मानिसहरू शारीरिक रोगले गर्दा कष्ट भोगी रहेका छन्। पक्षाघातले कष्ट भोगी रहेको व्यक्ति जस्तै तिनीहरूले यस सन्देशको अपेक्षा गरिरहेकाछन्, "तिम्रा पापहरू क्षमा भए।" प्रायजसो ती शारीरिक रोगहरू पापको मूल कारणले गर्दा आइपरिरहेकाछन्। जब सम्म आत्मिक रोगलाई निको पार्ने येशूकहाँ तिनीहरू आउँदैनन् तबसम्म तिनीहरूले राहत पाएको महशूस गर्दैनन्। जुन् शान्ति उहाँले दिनुहुन्छ त्यसले मात्र मानिसको शारीरिक र मानसिक अस्वस्थतालाई पनि निको पार्नुहुन्छ।.....

"जब पक्षघात निको भएको मानिस घरमा फर्कियो उसको परिवारमा ठूलो रमाहट छाएको थियो। घरबाट कसैले विस्तारै उसको विछ्यौना ल्याएर उसलाई केही बेर अघि सुताइएको थियो भने अब ऊ आफैले आफ्नो ओछ्यान बोक्न सक्षम् हुन पुगेको थियो.... कृतज्ञ भएर परमेश्वरको स्तुति र महिमा गर्दै त्यो मानिस घर गएको थियो। पक्षघातले निराश भएको र आशा मरिसकेको मानिसमा परमेश्वरको पुत्रले आशा र बल प्रदान गर्नुहुँदा परमेश्वरको महिमा भएको थियो। यस मानिस र उसको परिवारले तिनीहरूको जीवन येशूको निम्ति दिन तयार भएका थिए।"-एलेन जी ह्वाइट, मिनिस्त्री अभ हिलिङ्ग, पृ. ७७,७९बाट रूपान्तरित।

**चिन्तनमनन:**

अ. सुसमाचार हतपत नसुन्ने मानिसहरूले आफ्नो शारीरिक र मानसिक स्वास्थ लाभ भयो भने तिनीहरूका हृदय र मन सुसमाचारको निम्ति कसरी खुलिन जान्छ? यद्यपि, सुसमाचारको उद्देश्य भनेको मानिसको शरिरलाई निको पार्नु हो भनेर लक्ष्य राख्नु इसाईहरूको निम्ति किन खतरा हुनसक्छ?

आ. कुनै पनि अस्पताल वा डाक्टरहरूसँग आवद्ध नभएको चर्चहरूले चङ्गाई सेवाकार्यमा कसरी भाग लिन सक्छन्? कतिपय निको पार्छु भनेर दावी गरेर झुक्याउने झुठा निको पार्ने मानिसहरूबाट इसाईहरू कसरी सतर्क हुनुपर्दछ?

इ. चर्च वा हाम्रा अस्पतालहरूमा निको पारिने आशा लिएर आएका मानिसहरूले बाइबलमा उल्लेख गरिएका चङ्गाईका प्रतिज्ञाहरू सुन्छन् तर तिनीहरू निको भएन भने तिनीहरूलाई हामीले कस्तो सान्त्वना दिने? यस्तो परिस्थितिसँग मुकाविला गर्न हामीसँग के जवाफ छ? यस्तो कठिन परिस्थितिको निम्ति बाइबलमा के यस्तो जवाफहरू छन् जसले गर्दा हामीहरूको विश्वास डगमगिन्दैन?